का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ असार २०७९,
बुधबार
13 July 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक १५८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

सरकारको एकवर्ष



६ केन्द्रीकृत शक्तिलाई विकेन्द्रीकृत नगर्नु

५ जनजिविकाको सवालमा उल्लेख्य काम गर्न नसक्नु

४ संसदलाई लयमा फर्काउन सक्नु

३ एसपीपीमा एक हुन खोजको कम्युनिष्टहरुलाई जोडिन नदिनु

२ स्थानीय तहको निर्वाचन गराउनु

१ एमसीसीमा गठबन्धनको साथ पाउनु

# सत्ता टिकाउन सक्नु नै सफलता

दुई तिहाई नेतृत्वको प्रधानमन्त्रीलाई हटाएर प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले एक बर्षमा अनेक बाधा र अड्चनका बाबजुत सरकार टिकाउन सफल भए । पटक-पटक बादल लाग्न खोजेर पनि पाँच दलीय गठबन्धनलाई विपक्षी दलहरुले हल्लाउन सकेन बरु थप अगाडि बढ्ने वातावरण बनाउन सक्नु देउवाको एक वर्षको मुख्य उपलब्धी भएको स्वमं नेताहरु बताउँछन् ।

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २८ असार ।

दुई तिहाई नेतृत्वको प्रधानमन्त्री केपी शर्मा ओलीलाई हटाएर प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले एक बर्ष पुरा गरेका छन् । यो बीचमा उनले बाधा र अड्चनका बाबजुत सरकार टिकाउन सफल भए । पटक-पटक बादल लाग्न खोजेर पनि पाँच दलीय गठबन्धनलाई विपक्षी दलहरुले हल्लाउन सकेन बरु थप अगाडि बढ्ने वातावरण बनाउन सक्नु देउवाको एक वर्षको मुख्य उपलब्धी भएको स्वमं नेताहरु बताउँछन् ।

अमेरिकी सहयोग सम्बन्धी सम्झौता (एमसीसी)लाई पास गर्दा गठबन्धन टुट्न सक्ने, पास नगराउँदा अमेरिकासँगको सम्बन्धमा दरार आउने जोखीमा रहेको सरकारले सत्तारुढ गठबन्धनको साथ पाउन निकै मेहनत गर्नुपर्‍यो । गठबन्धन नै तोड्ने हदसम्म पुगेका गठबन्धनका साझेदार दलहरुले ब्याख्यात्मक टिप्पणी गरेर अगाडि बढ्न तयार भएपछि देउवा सरकारमाथि आइलागेको एउटा खड्को टरेको थियो ।

एमसीसी पास गरे लगत्तै वर्तमान सरकारले स्थानीय तहको चुनाव गरायो । स्थानीय तहको चुनाव पनि वैशाखमै गर्न गठबन्धनमा रहेका सबै दलहरु तयार थिएनन् । तीन वटै तहको चुनाव एकै पटक गर्नुपर्छ भन्ने बलियो मत गठबन्धनभित्र थियो । तर, यसलाई पास लगाउँदै देउवाले ३० वैशाखमा स्थानीय तहको चुनाव गराए । स्थानीय तहको चुनाव लगत्तै

– बाँकी पृष्ठ २ मा

# सीपीसीबाट दलको स्वीकारोक्ति !



**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २८ असार ।

नेकपा एमालेबाट विभाजित भएर गठन भएर बनेको नेकपा एकीकृत समाजवादीसँग चिनियाँ नेताहरुले अलग दलका रुपमा पहिलोपटक भेटवार्ता गरेका छन् । पार्टी गठनको ११ महिनापछि चीनले एकीकृत समाजवादीका शीर्ष नेताहरुसँग भेटघाट गरेका छन् ।

मंगलबार चिनियाँ कम्युनिष्ट पार्टीका अन्तर्राष्ट्रिय विभाग प्रमुख लिउ चियान थाओ नेतृत्वको टोलीले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र झलनाथ खनाल सहित नेताहरुसँग भेटवार्ता गरेको हो ।

पार्टी गठन भएको ११ महिनापछि एकीकृत समाजवादीका नेताहरुसँग सीपीसीको भ्रमण टोलीले भेटवार्ता गरेका छन् । सीपीसीको टोलीले प्रधानमन्त्री बाहेक कम्युनिष्ट पार्टीका नेताहरुसँग लामो सम्वाद गरेको छ ।

'नेकपा एकीकृत समाजवादी पार्टीको रुपमा नयाँ भएपनि यसका प्रमुख नेताहरु नयाँ नभएको र उहाँहरुसँग चीन र चिनियाँ कम्युनिष्ट पार्टीको लामो र गहिरो मित्रता रहिआएको छ । आगामी दिनमा पनि यो मित्रतालाई थप सुमधुर र बलियो बनाउन चिनीयाँ कम्युनिष्ट पार्टी तयार छ,' लिउको भनाई उदृत गर्दै बैठकमा सहभागी एक नेताले जानकारी दिए । लिउले 'इनारको पानी खानेले इनार खन्नेलाई भुल्नु हुँदैन' भन्ने चिनीयाँ उक्ति जस्तै चीन र चिनियाँ कम्युनिष्ट पार्टीले अध्यक्ष नेपालको नेतृत्वमा भएका कामको सदैव उच्च सम्मान गर्ने बताएको उनको भनाई थियो ।

अध्यक्ष नेपालले पनि दुई देशको सम्बन्ध प्रगाढ बनाउने विषयमा प्रतिनिधिमण्डलसँग छलफल भएको बताएका छन् । 'दुई देश र दुई पार्टीबीचको सम्बन्धलाई बलियो बनाउने विषयमा कुराकानी भयो । नेपाल र चीनले एकअर्कासँग सिक्नुपर्ने कुरा धेरै छन्, त्यसका लागि डेलिगेशन आदनप्रदान गर्ने कुरा भएको छ । नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ। चीनविरुद्ध नेपालको भूमि प्रयोग हुन दिँदैनौं भन्ने कुरा हामीले भन्यौं,' अध्यक्ष नेपालले भेटबारे जानकारी दिँदै थप भने, 'उहाँहरुले सम्बन्ध विस्तार गर्न तयार हुनुभएको छ । नेपाललाई प्राथमिकता दिने कुरा गर्नुभयो । सम्बन्धलाई बलियो बनाउने विषयमै कुराकानी भयो ।'

अध्यक्ष नेपालले चीन सम्बन्ध विस्तार गर्न तत्पर रहेको पनि जानकारी दिएका छन् । गत फागुनमा चिनियाँ

– बाँकी पृष्ठ २ मा

चिनियाँ सन्देश

# कम्युनिष्ट पार्टीहरू मिल्नुस्

चार दिने नेपाल भ्रमणका क्रममा काठमाडौं आएको सीपीसीका नेताहरुले कम्युनिष्ट पार्टीहरुलाई मिलेर अगाडि बढ्न सुझाव दिएका छन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २८ असार ।

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का विदेश विभाग प्रमुख लिउ जियाञ्चाओले प्रधानमन्त्री शेरबहादुर देउवासहित शीर्ष नेताहरुसँग भेटवार्ता गरेका छन् । चार दिने नेपाल भ्रमणका क्रममा काठमाडौं आएका सीपीसीका नेता लिउले आइतबार नै प्रधानमन्त्री देउवासँग भेटवार्ता गरेका थिए ।

सीपीसीका उच्च तहका नेता लिउले प्रधानमन्त्री देउवासँग कुटनैतिक सम्बन्धबारे छलफल गरे । त्यसपछि भने निकै चासोका



साथ हेरिएको भ्रमणको क्रम शुरु भएको थियो । २०७६ मा मात्रै तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग सीपीसीले ६ बुँदे भाइचारा सहमति गरेको थियो । त्यसअघि पनि एमाले र माओवादी केन्द्रलाई एकताबद्ध बनाउन सीपीसीका नेताहरुले दबाव दिएको नेताहरुले बताएका थिए ।

त्यसैले यसपटकको नेपाल भ्रमणलाई चासोका साथ हेरिएको हो । 'सीपीसीका नेताहरुको चाहना नेपाल कम्युनिष्टहरु मिलिदिए हुन्थ्यो भन्ने देखियो । तर यो यहाँकै नेताहरुको निर्णय भएको पनि भनेका छन्', माओवादी केन्द्रका एक नेता भन्छन् । लिउले सोमबार माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेका थिए । प्रचण्डसँग लामै कुरा गरेको सीपीसीको टोलीले एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग मंगलबार साढे चार घण्टा भेटवार्ता गरेको थियो ।

एमाले विदेश विभाग प्रमुख डा.राजन भट्राईका अनुसार, भेटवार्तामा कुटनैतिक सम्बन्धदेखि पार्टीका बारेमा समेत छलफल भएको थियो । विशेषगरी चीनको महत्वकांक्षी परियोजना बीआरआईबारे महत्वका साथ छलफल भएको थियो । अमेरिकी परियोजना एमसीसी संसदबाट अनुमोदन भइसकेकाले

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# वार्षिक सय जना कामदार नपठाएका म्यानपावर कम्पनीको नवीकरण निवेदन दर्ता खुल्यो

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ असार

वैदेशिक रोजगार विभागले चालू आर्थिक वर्षमा एक सय भन्दा कम कामदार वैदेशिक रोजगारमा पठाएका म्यानपावर कम्पनीको पनि नवीकरण निवेदन दर्ता शुरु गरेको छ । वैदेशिक रोजगारीमा सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीहरुको इजाजतपत्र नवीकरण गर्ने व्यवस्था गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अनुसार मन्त्रिपरिषदबाट बाधा अडकाउ फुकाउ आदेश जारी गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले प्रस्ताव लगेको अवस्थामा विभागले सयभन्दा कम कामदार पठाउने म्यानपावरहरुको नवीकरण निवेदन दर्ता शुरु गरेको हो ।

मंगलबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमल ढकाल र कार्यसमिति सदस्य प्रज्ञान न्यौपानेले मन्त्रालयका सचिव एकनारायण अर्यालसँग छलफल गरेपछि चालू आर्थिक वर्षमा सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको पनि नवीकरणका लागि निवेदन दर्ता गर्न मन्त्रालयले वैदेशिक रोजगार विभागलाई निर्देशन दिएको हो ।

हाल राजधानी बाहिर रहेका श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्री शेरबहादुर कुँवरले कानून मन्त्रालयको राय लिएर सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण गर्ने निर्णय गरी बाधा अड्काउ आदेश जारी गर्ने व्यवस्था गर्न गत हप्ता नै मन्त्रिपरिषदमा प्रस्ताव पठाएका छन् ।

आगामी बिहीबार बस्ने मन्त्रिपरिषद्को बैठकले त्यस विषयमा निर्णय गर्ने अपेक्षा गरिएको छ । नवीकरण भने मन्त्रिपरिषद्को निर्णयपछि मात्र हुने छ ।

मंगलबार केही म्यानपावर कम्पनीले नवीकरणका लागि लाग्ने दश हजार शुल्क बुझाएको रसिदसहित अनलाइनमार्फत निवेदन दिएको पनि संयोजक ढकालले जानकारी दिए ।

मन्त्रिपरिषदबाट बाधा अड्काउ फुकाउ आदेश भएमा व्यवसायीहरुको इजाजतपत्र नवीकरण हुनेछ भने आदेश नभएको खण्डमा विभागका महानिर्देशकले निवेदन दरपीठ गरिदिने छन् ।

विभागले यस पटक म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण अनलाइनमार्फत गर्ने भएको छ । गत जेठ मसान्तमा आगामी आर्थिक वर्षका लागि नवीकरणको सूचना सार्वजनिक गरेको विभागले नवीकरण अनलाइनमार्फत गरिने सूचना नै जारी गरेको थियो । विभागले इजाजतपत्र नवीरकरण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीलाई वैदेशिक रोजगार ऐन तथा नियमावलीले अनिवार्य गरेका कागजातसहित अनलाइनमार्फत निवेदन दिन आग्रह गरेको छ ।

नवीरकणका लागि निवेदनका साथमा नवीकरण दस्तुर बुझाएको भर्पाई, इजाजतपत्रको अगाडि पछाडिको फोटोकपी, कम्पनी दर्ताको प्रमाणपत्र, आयकर दर्ताको प्रतिलिपि, गत आर्थिक वर्षको कम्पनी अध्यावधिक, गत वर्षको कर बुझाएको कर चुक्ता प्रमाणपत्र पेश गर्नुपर्ने बताएको छ । त्यसैगरी

– बाँकी पृष्ठ २ मा

# बाबुरामको राजनीति : फेरि अन्योलमा !

नयाँ शक्ति बनाउन माओवादी छाडेका उनी बिभिन्न पार्टीसँग एकता गर्दै अगाडि बढ्दै फेरि नयाँ शक्ति नै ब्युँत्याउनेमा पुगेका छन् ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २८ असार ।

नेपाली राजनीतिमा डा. बाबुराम भट्टराईलाई बौद्धिक र शिक्षित नेताको रुपमा लिइन्छ । तर, उनको राजनीतिक जीवन भने स्थिर हुन सकेन । परिणाममा उनी पटक पटक-अन्योलमा पर्दै आएका छन् ।

तत्कालिन माओवादीले सञ्चालन गरेको सशस्त्र युसद्धमा होमिएर नेपाली राजनीतिमा उदाएर प्रधानमन्त्री समेत भइसकेका डा.बाबुराम भट्टराई माउ पार्टी माओवादी केन्द्र छाडेर हिँडेपछि एक पछि अर्को गर्दै अन्योलमा पर्दै आएका छन् । नयाँ शक्ति बनाएर माओवादी छाडेका उनी बिभिन्न पार्टीसँग एकता गर्दै अगाडि बढ्दै फेरि नयाँ शक्ति ब्युत्याउनेमा पुगेका छन् ।



डा. भट्टराईले संविधान जारी भए लगत्तै माओवादी छाडे । ३० जेठ ०७३ मा काठमाडौंको रंगशालाबाट नयाँ शक्ति पार्टीको घोषणा गरे । तर, २०७४ को स्थानीय र संघीय चुनावमा नयाँ शक्तिले सोचे अनुसार परिणाम ल्याउन सकेन । त्यसपछि २३ वैशाख २०७६ मा उपेन्द्र यादव नेतृत्वको तत्कालीन संघीय समाजवादी फोरमसँग एकता गरे । समाजवादी पार्टी, नेपाल बनाए । केही समय पछि महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीसँग समेत एकीकरण भएर जनता समाजवादी पार्टी बनाए ।

तर, फेरि जसपामा विग्रह शुरु भयो । महन्थ ठाकुरले नयाँ पार्टी बनाए । उपेन्द्र यादवले पनि एकलौटी निर्णय गर्न थालेको भनेर डा. भट्टराईले मंगलबारदेखि काठमाडौंमा आफु पक्षीय केन्द्रीय समितिको बिस्तारित बैठक सुरु गरेका छन् । यता, पार्टी अध्यक्ष उपेन्द्र यादव पक्षको पनि मंगलबार नै केन्द्रीय कार्यकारिणी समितिको बैठक वीरगञ्जमा बसेको छ । बुधबार उक्त समूहको केन्द्रीय समितिको बिस्तारित बैठक बस्दैछ ।

एकै दिन, एउटै पार्टीका समानान्तर बैठक बसेपछि अब जनता समाजवादी पार्टी एक छैन भन्ने संदेश गएको छ । यो बेला फेरि डा. भट्टराई नै अन्योलमा

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२९ असार २०७९, बुधबार
13 July 2022, Wednesday

# भरतपुरका विकास आयोजनाका काम अघि बढाउन प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं/मस-** चितवन क्षेत्र नं ३ का सांसदसमेत रहेका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सहितको टोलीले प्रधानमन्त्री शेरबहादुर देउवालाई मंगलबार काठमाडौंमा भेटेको छ। जिल्लाका विभिन्न समस्याका बारेमा अवगत गराउने उद्देश्यले जिल्लाको प्रतिनिधिमण्डलले प्रधानमन्त्री देउवालाई भेट गरेको हो।



भेटमा सहभागी भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालका अनुसार भरतपुर विमानस्थल विस्तार, अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको निर्माण, माडी क्षेत्रको भूमिगत विद्युतीकरण रोकिएको विषय, माडी जङ्गल क्षेत्रको हुलाकी सडकको स्तरोन्नतिलगायत विषयमा प्रधानमन्त्रीसँग छलफल भएको हो।

यसअघि चितवनको टोलीले सोमबार नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहनुभएका दाहाललाई भेट गरी यहाँको अवस्थाको बारेमा जानकारी गराएको थियो। यससँगै दाहालसहितको टोली आज प्रधानमन्त्रीलाई भेट्न पुगेको हो।

प्रतिनिधिमण्डलसँगको भेटपछि प्रधानमन्त्री देउवाले प्रचण्ड र महानगर प्रमुख दाहालको रोहबरमा मुख्य सचिव शंकरदास बैरागी, प्रधानसेनापति प्रभुराम शर्मा, निजी सचिवलगायत सरोकारवालालाई बोलाएर छलफल गरी तत्काल काम अघि बढाउन निर्देशन दिएका छन्।

महानगर प्रमुख दाहालका अनुसार प्रधानमन्त्री देउवाले विमानस्थल विस्तार, क्रिकेट रङ्गशाला, माडी क्षेत्रको भूमिगत विद्युतीकरणको कार्य र जंगल क्षेत्रको हुलाकी सडकको स्तरोन्नति तत्काल अघि बढाउन निर्देशन दिएका हुन्। उनले भनिन्, 'प्रधानमन्त्रीले निकै सकारात्मक भएर तत्काल कार्यान्वयनका लागि निर्देशन दिनुभयो।' महानगर प्रमुख दाहालले प्रधानमन्त्रीसँगको भेट सकारात्मक भएकाले जिल्लावासीको मागको सुनुवाई हुने विश्वास व्यक्त गरिन्। महानगरपालिकाले विमानस्थल विस्तारका लागि निकै पहिलेदेखि पहल गर्दै आएको छ। भेटमा राजनीतिक दलका प्रतिनिधि, राष्ट्रियसभाका सदस्य, भरतपुर र माडीका पूर्व र वर्तमान जनप्रतिनिधिलगायत सरोकारवाला सहभागी थिए।

# प्रवासी नेपाली मञ्च कतारको नेतृत्वमा त्रिपाठी



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २८ असार

प्रवासी नेपाली मञ्च कतारको छैठौं अधिवेशन सम्पन्न भएको छ। मञ्च कतारका अध्यक्ष चानक पोखरेलको सभापतित्व तथा नेकपा एमालेका महासचिव शंकर पोखरेलको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो।

अधिवेशनमा नेपाली नियोगका द्वितीय सचिव प्रवीण भट्टराई, नेपाली जनसम्पर्क समिति कतारका सभापति मोहमद अजिज अलि लगायत विभिन्न वैचारिक, जनजाति, प्रदेश प्रमुख लगायत विभिन्न संघसंगठनका प्रमुख तथा प्रतिनिधीहरुको आतिथ्यता रहेको थियो। अधिवेशनमा बोल्दै महासचिव पोखरेलले सरकारको आलोचना गरे। उनले नीति र सिद्धान्त नमिल्नेसँग पनि नेपाली कांग्रेसले गठबन्धन गरेकोप्रति कटाक्ष गरे। मन्तव्यका क्रममा पोखरेलले नेपाल श्रीलंकको अवस्थामा नपुग्ने दाबी समेत गरे।

उनले प्रवासका संगठन कार्यकर्तालाई आलोचना नगरी सुझाव राख्न आग्रह गरे। 'आलोचना धेरै नै भएको छ अब पार्टीलाई हित हुने रचनात्मक सुझाव चाहिएको छ,' पोखरेलको भनाइ थियो।

उनले प्रवासमा श्रमिकबाट उद्यमी बन्नेतर्फ लाग्न सबैमा आग्रह गरे। नेपालमा धेरै राजनीतिक दल भएको हुँदा देश परिवर्तनका लागि जनताले आफन्त नातावादमा मतदान गर्नुपर्ने बाध्यात्मक परिस्थिति रहेको बताए।

मध्यराति सम्पन्न अधिवेशनको बन्द सत्रबाट प्रभात त्रिपाठीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ।

नव निर्वाचित कार्यसमितिको उपाध्यक्षहरूमा विजय बस्नेत, प्रेम विश्वकर्मा, बालकृष्ण भित्रीकोटि, अख्तर अलि खान रहेका छन्।

त्यस्तै सचिव बिनेश तामाङ, उपसचिवहरूमा गफुर अहमद, शेख शाहनवाज, तिलक सिलवाल, हुम ब. चन्द रहेका छन्।

कार्यसमितिका सदस्यहरूमा किरण सिलवाल,अलि हुसेन मिया, गोपाल बस्नेत, भोला बस्नेत, श्याम लाल न्यौपाने ,टीका कार्की, मीन ब कार्की, बासु कार्की, सोभाकर भुसाल, श्रीधर आचार्य, केशव राज कार्की, रामजी अधिकारी, मन प्रसाद राना मगर, शिव कुमार भुजेल, लीला प्रसाद गौतम, शक्ति क्षेत्री, गुमान सिंह बि.क, समुन्द्र खड्का, सुशील गौतम, विजय कुमार मगर, विष्णु प्रसाद भुसाल, गणेश बस्याल, महमद , आसिफ हुसेन शेख, बुद्ध गुरुङ रहेका छन्।

लेखा समितिको अध्यक्षमा प्रेम प्रसाद भट्टराई, उपाध्यक्षमा रमेश पौडेल, सचिवमा अख्तर हुसेन र सदस्यहरूमा निरन नेपाल र नवराज साही रहेका छन्। त्यस्तै निर्वाचन कमिटीको अध्यक्षमा गोविन्द सुवेदी, उपाध्यक्षमा गणेश दुलाल, सचिवमा नीराजन गौतम र सदस्यहरूमा ईश्वर पौडेल, खडानन्द बास्कोटा रहेका छन्।

उपाध्यक्ष चानीलाल राजवंशीले स्वागत मन्तव्य राखेको कार्यक्रममा विभिन्न वक्कताहरुले शुभकामना मन्तव्य राखेका थिए। वक्ताहरूले प्रवासमा वैचारिक संगठन सञ्चालन गर्न निकै कठिन हुने धारणा राखेका थिए।

प्रवासमा नेपालीले सिकेको सीपको सरकारले सही सदुपयोग नगरेको र सीप सदुपयोग गर्ने अवसर पनि सिर्जना नगरेको बताए। प्रवासी मञ्च कतारको सबैभन्दा पुरानो भ्रातृ संगठन रहेको बताउँदै वक्ताहरूले मञ्चले सामाजिक रूपमा समेत क्रियाशील रहने गरेको बताउँदै मञ्चको प्रशंसा गरेका थिए। वक्ताहरूले प्रवासबाट मतदान गर्न पाउनु पर्ने व्यवस्था लागू गर्नका लागि पोखरेल समक्ष अनुरोध गरेका थिए।

मञ्चका महासचिव प्रभात त्रिपाठीले सहजीकरण गरेको अधिवेशनको समापन गर्दै सभापति पोखरेलले कार्यक्रममा उपस्थित सबै आज सुकिला मुकिला देखिए पनी भोलिबाट आफ्नै दैनिकीमा फर्कन पर्नै बाध्यताका मजदुर रहेको बताए। उनले ६ वर्षसम्म लगातार मञ्चलाई दिएको साथ सहयोग प्रति कतारका सबै संघ संस्था र नेपाली दूतावास प्रति आफू र मञ्च कृतज्ञ रहेको बताए। अधिवेशनमार्फत मञ्चमा योगदान गर्ने विभिन्न व्यक्ति, संघसंस्था, संस्थापक तथा पत्रकारहरूलाई समेत सम्मान गरिएको थियो।

# धमलासँग २७ मिनेट : संघर्षदेखि सफलतासम्मका कुरा

**रेशम अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ असार

काठमाडौंको रत्नराज्य लक्ष्मी क्यापसमा स्नातक तह दोस्रो वर्षमा अध्ययनरत समूहले प्रयोगात्मक क्रियाकलाप अन्तर्गत प्राइम टेलिभिजन भ्रमणको क्रममा सोही टेलिभिजनका अध्यक्ष ऋषि धमलासँग भेट गऱ्यो। धमलासँग अन्तरक्रियाको क्रममा उनीसँग समूहले २७ मिनेट समय बिताउन पायो। २७ मिनेटको भेटले नै धमला पत्रकारिता क्षेत्रमा कति सफल मानिस हुन् भन्ने बुझ्न कठिन हुँदैन।

बिरलै होलान् रेडियोदेखि टेलिभिजनसम्म ऋषि धमलालाई नसुन्ने, नहेर्ने र नचिन्नेहरू। विशेष गरी टेलिभिजन पत्रकारितामा निकै अब्बल पत्रकार तथा कार्यक्रम प्रस्तोताका रुपमा चिनिन्छन् ऋषि धमला। धमलाका अनुसार उनी १४ वर्षको उमेरमा काठमाडौंका साँघुरा गल्लीहरूमा आफ्नो फराकिलो भविष्य खोज्न काँधमा पत्रिका बोकेर घरघर बेच्न पुग्थे। राजधानी उनका लागि सपनाको मात्र हैन संघर्षको शहर थियो। पत्रिका बोकेर घरघर बेच्दै उनले मिसन पत्रकारिता शुरु गरे। तत्कालीन समयमा राजतन्त्रविरुद्धका पत्रपत्रिका बेचेको निहुँमा ७ दिन उनी जेल समेत बस्नुपर्यो। त्यो बेला राजतन्त्रविरुद्धका पत्रपत्रिका जनतासमक्ष पुऱ्याउने काम कम चुनौतीपूर्ण थिएन। तर धमलाले चुनौतीको बाटो रोजे। त्यसैले त आज ऋषि धमला, ऋषि धमला छन्।



शुरुवाती दुःखका दिनहरू स्मरण गर्दै, जीवनमा विभिन्न आरोह अवरोह पार गरेर आज यो स्थान सम्म आइपुगेको उनी बताउँछन्। उनले २०५९ सालमा बाबुराम भट्टराई र लोकेन्द्र बहादुर चन्दलाई एकै ठाउँमा राखेको किस्सा सुनाए तात्कालीन भूमिगत राजनीतिबाट पहिलो पटक सार्वजनिक हुँदा तात्कालीन प्रधानमन्त्री लोकेन्द्र बहादुर चन्दसहित वार्ता टोली गठन गरियो।

बाबुराम र चन्दले सार्वाजनिक रुपमा हात मिलाएर वार्ता गरे। त्यसको ठिक भोलिपल्ट नेपालका पत्रपत्रिका र सञ्चार जगत तात्यो, 'प्रधानमन्त्री र विद्रोहीलाई किन धमलाले एकै ठाउँ राखे ? उनलाई निषेध किन गरिएन ?' चौतर्फी विरोधपछि तत्कालीन राजा ज्ञानेन्द्रले लोकेन्द्र बहादुर चन्दलाई स्पष्टीकरण मागेपछि उनको प्रधानमन्त्री पद चिप्लियो। देशमा जनताको शासन भित्र्याउन महत्वपूर्ण योगदान आफूले पनि पुऱ्याएको धमला बताउँछन्।

धमला नेपाली माटो सुहाउँदो पत्रकार भएको कुरा त सत्य नै हो। धमलासँग अन्तर्वार्ता दिन देशका जुन कुनै क्षेत्रका मै हुँ भन्ने व्यक्ति पनि नाइँ भन्न सक्दैन। त्यसैले त उनी आजका दिनमा पनि रेडियो, टिभी र पत्रपत्रिकामा गरी दिनमा १८ घण्टासम्म काम गर्ने गरेको बताउँछन्। समयको महत्व बुझेका उनले कामलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने बताउँछन्।

यस्तै-यस्तै संघर्षले नै धमला प्राइम टाईम टेलिभिजन, रिपोर्टर्स क्लब नेपाल, नेपाली रेडियो नेटवर्क, रिपोर्टस् नेपाल जस्ता थुप्रै सञ्चार संस्थाहरु सशक्तरुपमा संचालन गर्न सफल भएका छन्। खबरदारी गर्न सक्ने पत्रकार बन्न धमलाको सबै पत्रकारलाई सुझाव छ। उनी अबको पत्रकारिताको प्रमुख जनताको समस्याको आवाज बनी बेथिति, भ्रष्टाचार, शक्तिको दुरुप्रयोग लगायतका विषयमा खबरदारी गर्नुपर्ने बताउँछन्। 'पत्रकार बन्नका लागि सही सुचना र इमानदारिताले अत्यन्त महत्व राख्छ,' उनले भने, 'राति १२ बजे सुत्छु, विहान ४ बजे उठ्छु। म जनताको आवाज बन्न र खबरदारी गर्न कहिलै पछि हट्दिनँ।'

उनी विहानै ६ नबज्दै रेडियो त्यसपछि रिपोटर्स क्लब अनि प्राईम टेलिभिजन। उनी यति व्यस्त भएर पनि समाचार संकलनमा आफैं हिंड्ने गर्छन् र रुचाउँछन्। सोही कारणले गर्दा आफूलाई हरेक घटनाक्रम थाहा भएको समेत उनी बताउँछन्।

धमला पत्रकारिता नै नपढेको वा कम पढेको पत्रकार भनेर आलोचना हुने गर्छ। उनका हरेक कुरामा टीकाटिप्पणी हुने गर्छ। तर पनि यी कुराले उनलाई पटक्कै फरक पर्दैन। आलोचनालाई धमला त उर्जाको रुपमा लिने गर्छन्, जसले उनलाई कामप्रति थप रुची र इमानदारिता बढ्ने गर्छ।

धमलाको लामो समयको मेहनत र लगनशीलताको परिमाण आज नेताका लागि धमला र धमलाका लागि नेता परिपुरक जस्तै बनेका छ। त्यसैले त केही वर्ष पहिले धमलालाई माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भनेका थिए, 'धमलाजी बैगुनी नभइ नहुनी, अहिले त ऋषि धमलाले जे भन्यो त्यही मान्नुपर्ने दिन आयो !' समग्रमा धमला पर्दामा र प्रत्यक्षमा फरक छन्। पर्दामा धमला जति नै आलोचित बने पनि प्रत्यक्षरुपमा धमलाका विचार सुन्दा उनी मेहनत लगनशीलता र इमानदारिताको ऐना हुन् र नेपाली पत्रकारिताको दरिलो प्रतिबिम्ब। धमलासँगको २७ मिनेटमा यो बुझियो कि, 'जहाँ संघर्ष छ त्यहाँ एक न एक दिन सफलता छ।'

### सत्ता...

अमेरिकी परियोजना एसपीपीमा कम्युनिस्टहरु एक हुन खोजका थिए। एसपीपी जबरजस्ती अगाडि बढाए कम्यसनिस्टहरु एक हुन सक्ने त्रासका बीच सरकारले एसपीपीमा सहभागी नहुने निर्णय गरेर जोडिन लागेका कम्युनिस्टलाई नजिक हुनै दिएनन्। बरु कम्युनिस्टहरु कसको पालामा के कस्ता प्रक्रिया अगाडि बढेका थिए भनेर आरोप प्रत्यारोपमा लागे।

यही बीचमा संघीय संसद पनि लयमा फर्कियो। ९ माहिनासम्म सभामुख र सरकारको व्यवहारमाथि प्रश्न उठाउँदै संघीय संसदमा अवरोध गर्‍यो। माधव नेपाल नेतृत्वको पार्टीलाई अस्वीकार गरेर अगाडि बढ्यो। परिणाममा संसद निकम्मा हुन पुगेको थियो। तर, स्थानीय तहको चुनावपछि एमालेले संसदमा अवरोध गरेन्। संसद लयमा फर्कियो। अहिले धमाधम कानुन बनिरहेका छन्।

तर, सरकारले यो एक बर्षमा जनजिवीकाको सवालमा भने उल्लेख्य काम गर्न सकेन। महंगी बढेको विषयमा जनतामा असन्तुष्टी छ। यसलाई सम्बाधन गर्न सरकारले गरेको देखिँदैन्।

यस्तै, तत्कालिन सरकारले प्रधानमन्त्रीमा केन्द्रीकृत गरेको शक्तिलाई पनि वर्तमान सरकारले विकेन्द्रीकृत गरेन। राज्य अनुसन्धान लगायतका निकाय अहिले पनि प्रधानमन्त्री कार्यालय मातहत छन्। यो विषयमा विपक्षमा हुदाँ कांग्रेसले निरन्तर प्रश्न उठाएको थियो। आफैं सरकारमा गएपछि भने अनुसार काम गर्न सकेन/गरेन।

तथापि, कोभिड-१९ विरुद्धको खोप लगाउन योग्य सबैलाई पूर्णखोप दिलाउनसरकार सफल भएको छ। बजेट मार्फत सरकारले क्यान्सर, मिर्गौला र स्पाइनल इन्जुरीका बिरामीलाई मासिक पाँच हजार भत्ता प्रदान गर्ने निर्णय गरी जनभावनालाई सम्बोधन गर्ने प्रयास गरेको छ। अतिविपन्न गरिब घरपरिवारलाई प्रतिघर परिवार १० हजारका दरले राहत दिने घोषणा पनि गरिएको छ।

बजेट मार्फत विपन्न वर्गको तत्कालीन जीविकोपार्जनको समस्यालाई ध्यानमा राखेर राजधानी उपत्यकाका १० ठाउँमा सस्तोमा भात खान पाइने व्यवस्था, युवा विद्यार्थी लक्षित 'पढ्दै कमाउँदै' कार्यक्रम र नारी समुदाय लक्षित 'महिला पहिला' कार्यक्रम घोषणा गरेको छ।

यसैगरी, ज्येष्ठ नागरिकलाई ६८ वर्षमै भत्ता उपलब्ध गराउने, 'किसानसँग सरकार' को नारासहित कृषिमा रुपान्तरणकारी योजना र बजेटमा उल्लेख्य वृद्धि, किसानलाइ पेन्सनसहित प्रोत्साहन र राहतका योजना, जटिल प्रकारका रोग लागेका नागरिकलाई मासिक रु पाँच हजार राहत, बिरामीका लागि ९८ प्रकारका औषधि निःशुल्क, वैदेशिक रोजगारीबाट फर्केका युवालाई सहुलियतपूर्ण कर्जा, प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत दुई लाखलाई रोजगारीको सुनिश्चितता, दुर्गम २५ जिल्लाका सुत्केरीलाई रु पाँच हजार पोषण खर्च वर्तमान सरकारका लोककल्याणकारी कार्य हुन्। नेपाल सरकारले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढिरहेको सन्दर्भमा कर कटाएर भए पनि पेट्रोलियम पदार्थको मूल्य घटाउँदै मूल्यवृद्धि नियन्त्रणको प्रयास गरेको छ।

### सीपीसीबाट...

अन्तर्राष्ट्रिय विभागका मन्त्री तथा केन्द्रीय सदस्य साङ्ग ताओले ओलीसँग र उपमन्त्री झाओले नेपालसँग भिडियो मार्फत् छुट्टै वार्ता गरेका थिए। यद्यपि, केही समयअघि आएको चिनियाँ प्रतिनिधि मण्डलले अध्यक्ष नेपाललाई नभेटी फर्किएको थियो।

तर, मंगलबार भएको करिब २ घण्टाको वार्तापछि भने चीनले उक्त पार्टीलाई सहर्ष स्वीकारेको देखिएको हो। नेपाल भ्रमणमा रहेका नेता लिउले प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटवार्ता गरेका थिए।

### कम्युनिष्ट....

सीपीसीका नेताहरुहरुले यसबारे छलफल चलाए।
कांग्रेस महामन्त्री गगन थापाले सीपीसीका नेताहरुसँग बीआरआई अगाडि बढाउनेबारे छलफल भएको बताएका छन्। बीआरआईबारे यसअघि प्रतिनिधिसभा बैठकमै एमाले अध्यक्ष ओलीले कुरा उठाएका थिए। तर सीपीसीको यो भ्रमणलाई बीआरआई भन्दा पनि कम्युनिष्ट पार्टीहरुको एकताका विषयमा बढी जोड दिइएको छ। ओलीलाई भेटे लगत्तै सीपीसीका नेताहरुले एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेटवार्ता गरे।

बानेश्वरस्थित एभरेष्ट होटलमा लिउ र नेपाल सहितको टोलीबीच भेटवार्ता भएको थियो। आगामी संघ र प्रदेशको चुनावमा कम्युनिष्ट गठबन्धन वा पार्टी एकताकै छलफल भइरहेकाले पनि यो भेटवार्तालाई चासोका साथ हेरिएको छ। 'चीन त्यसै पनि खुलेर आउने गर्दैनन्, नेपालमा कम्युनिष्टहरु मिलोस् भन्ने नै सन्देश हो', एमालेका एक नेता भन्छन्।

### वार्षिक....

विभागले आर्थिक वर्ष २०७७/०७८ मा पूर्व श्रम स्वीकृति लिएको संख्या, अन्तिम श्रम स्वीकृति लिएको संख्या, विदेश पठाएका कामदारको संख्या, आर्थिक वर्ष २०७८/०७९ मा कम्तीमा एक सय जना कामदार पठाएको विवरण, आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षण प्रतिवेदन, कम्तीमा एक वर्ष अवधि बाँकी रहेको बैंक ग्यारेन्टी पत्र लगायतका कागजपत्र समावेश गरी पेश गरिएको कागज ठीक साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला भनी सहीछाप गरी अनलाइनमार्फत पेश गर्न भनेको छ।

वैदेशिक रोजगार ऐन र नियमावली अनुसार एक आर्थिक वर्षका लागि असार मसान्तसम्म दश हजार र प्रत्येक महिनाको दश हजार जरिवाना तिरेर असोज मसान्तसम्म नवीकरण गर्न पाइने व्यवस्था छ। गत वर्ष अधिकांश म्यानपावर कम्पनीले तीन वर्षका लागि नवीकरण गराइसकेकाले अघिल्ला वर्षहरूमा जस्तो यस पटक नवीकरण गराउनेको संख्या धेरै रहेको विभागले जनाएको छ।

### बाबुरामको...

परेका छन्। पार्टी विभाजनको कुनै मनसाय नरहेको बताएका भट्टराईले राजनीतिक दस्तावेजमा वैकल्पिक राजनीतिक शक्ति निर्माण गर्ने वा विचार मिल्नेसँग एकीकरण वा ध्रुवीकरण गर्ने विकल्प अघि सारेका छन्।

सबैको सुझाव लिएपछि आगामी कदम तय गर्ने भन्दै उनले भने, 'यहाँ हामीले यो, त्यो केही पनि नभनी सबै साथीहरूलाई बोलाएर तपाईंहरूको राय, सल्लाह लिएर यसको समाधान कसरी गर्ने भन्ने हाम्रो मक्सद हो।' तर बैठकमा उपस्थित अधिकांश नेताहरू उनी जस्तै अलमलमा देखिएका छन्।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**कोभिड-१९ युनिफाइड केन्द्रीय अस्पताल**
**वीर अस्पताल**
**बोलपत्र रद्द गरिएको सूचना**
सूचना प्रकाशित मिति: २०७९/०३/२९

यस कोभिड-१९ यूनिफाईड केन्द्रिय अस्पताल, वीर अस्पतालको NAMS/NCB/78/79/62; Supply, Delivery & Installation of Low Temperature Plasma Sterilizer खरिदका लागि प्रकाशित सूचना अनुसार प्राप्त कुनै पनि बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २६ (क) बमोजिम न्यूनतम मूल्याङ्कित र सारभूतरुपमा प्रभावग्राही नभएको हुँदा यस अस्पतालको मिति २०७९/३/२४ गतेको (प्रमुख प्रशासकीय अधिकारी स्तरिय) निर्णय अनुसार उक्त बोलपत्र रद्द गरिएको व्यहोरा अनुरोध छ।

**प्रमुख प्रशासकीय अधिकारी**

**ROMANIA मा वैदेशिक रोजगारको अवसर**
कम्पनी: **UMAN CARE RECRUITING S.R.L.,** Romania, Bucharest
पूर्व स्वीकृत मिति: २०७८/०३/२८ चलानी नं.: ६०१६००६७ LT. No.: 242349 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Room Attendant | 0 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ६९,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Worker | 0 | 5 | | 550 | ६९,७४५ | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | | 550 | ६९,७४५ | | | | | | | |
| 4. | Store Keepers | 6 | 0 | | 550 | ६९,७४५ | | | | | | | |
| 5. | Cook | 10 | 0 | | 650 | ८२,४२६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ४ गते (20 July 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ७०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**कर्म इन्टरनेशनल इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
Lic. No.: 643/063/64
पो.ब.नं. २१८४४, ज्ञानेश्वर, काठमाडौं, नेपाल सम्पर्क नं. ४४२४१५२, ४४१२३५६
email:office@karmaemployment.com, website:www.karmaemployment.com

**Vacancy Announcement**
A leading Recruitment agency needs young, highly smart, intelligent staff.
**Office Secretary : 1 (Female)**
**Requirements:**
- Bachelor's Completed
- Well known of computer knowledge
- Can read, write and speak english

**Experience:** 2 years plus
Salary Attractive
**ANAMOL OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu | Tel.: 4479756
Mob: 9851060556 | E-mail : anamoloverseas@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
**प्रकाशित मिति: २०७९/०३/२९**
यस कार्यालयमा मिति २०७५/०९/१९ मा दर्ता भएको **प्रा.लि.नं. २०५९१९** को **मायागंगा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०३/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# ‘स्थानीय निर्वाचनमा अपेक्षाकृत परिणाम’

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, २८ असार



नेकपा एमाले अर्घाखाँचीले गत स्थानीय निर्वाचनमा ५ दलिय गठबन्धनको घेराबन्दी र षड्यन्त्रकाबीच अपेक्षाकृत सफलता हासिल गरेको निष्कर्ष निकालेको छ । एमालेको सदरमुकाम सन्धिखर्कमा सम्पन्न बैठकले सत्तारुढ गठबन्धनबाट गरिएका विभिन्न खालका धाँधलीका हतकण्डा र ठूलो धनराशीको अपचलनबाट निर्वाचनलाई प्रभावित पार्न खोजिएको भएपनि कार्यकर्ताको लगनशीलता र जनताको अपार मायाका कारण सफलता हासिल भएको निष्कर्ष निकालेको छ ।

साथै एमालेले पार्टीको आन्तरिक कारणबाट केही पालिका र वडा गुमाउनुपरेको भन्दै आगामी दिनमा त्यसबाट पाठ सिकेर प्रभावकारी नतिजाको निम्ति सशक्त रुपमा लागिपर्ने निर्णय गरेको छ ।

पार्टीले स्थानीय निर्वाचनमा भएको कमजोरी, अप्रयाप्तता, घात, अन्तरघातबारे छानबिन गरी आवश्यक सुझाव, सल्लाह र कारवाहीको निम्ति सिफारिस गर्न जिल्ला स्तरमा एउटा कार्यदल निर्माण गरेको छ ।

एमाले जिल्ला सचिव तोजबहादुर रायमाझीको संयोजकत्वमा गठित कार्यदलमा संगठन विभाग प्रमुख लिलबहादुर वि.क., प्रचार विभाग प्रमुख शोभाकर पन्थी र महिला नेतृ शुष्मा श्रेष्ठ रहेका छन् । कार्यदलले श्रावण मसान्तसम्म आवश्यक छानबिन गरी प्रतिवेदन तयार गर्ने जनाइएको छ । साथै बैठकले साउन ७ गते जिल्ला स्तरमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ । अभिमुखीकरणमा पार्टीको तर्फबाट विजयी पालिका प्रमुख, उपप्रमुख, वडाअध्यक्ष तथा पार्टीका पालिका कमिटीका इन्चार्ज र अध्यक्ष सहभागी हुने नेकपा एमालेका जिल्ला अध्यक्ष पीताम्बर भुसालले बताए ।

बैठकले असार ३१ गते ६ वटै पालिका कमिटीका बैठक गर्नुका साथै वडा कमिटीका बैठक साउन ५ गतेसम्म गरिसक्ने निर्णय गरेको छ । साथै बैठकले पार्टीको आन्तरिक जीवन,आर्थिक व्यवस्थापन, सदस्यता नविकरण लगायतका महत्वपूर्ण निर्णय लिएको कार्यालय सचिव लिलबहादुर वि.क.ले जानकारी दिए । दुई तहमा ३ दिन सम्म चलेको बैठकमा नेकपा एमालेका केन्द्रीय सचिव टोपबहादुर रायमाझी, केन्द्रीय सदस्य चन्द्रबहादुर खड्का उज्ज्वल, बोमबहादुर वि.क.,चेतनारायण आचार्य, केन्द्रीय सल्लाहकार नरेन्द्र कुमार क्षेत्री, लक्ष्मण रायमाझी, प्रदेश कमिटीका सचिबालय सदस्य रामजी प्रसाद घिमिरे लगायतका नेताहरुले मन्तव्य राखेका थिए ।

बैठक जिल्ला कमिटीका अध्यक्ष पीताम्बर भुसालको अध्यक्षता, जिल्ला उपाध्यक्ष इश्वरा पोखेलको स्वागत मन्तव्य र सचिव तोजबहादुर रायमाझीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# नवलपरासीमा लागूऔषधसहित ३ जना पक्राउ



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, २८ असार

नवलपरासीमा लागूऔषधसहित ३ जना पक्राउ परेका छन् । मंगलबार सरावल गाउँपालिका वडा नं.६ बडसारस्थित पारसनाथ गुप्ताको घरमा लागूऔषध (मनोद्धिपक पदार्थ) प्याकिङ गर्दै गरेको अवस्थामा ३ जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सोही ठाउँ बस्ने १७ वर्षीय प्रलाद कहाँर, १८ वर्षीय राजन गुप्ता र १५ वर्षीय कृष्ण मोहन सहानी रहेका छन् ।

उनीहरुको साथबाट बुप्रिनर्फिन १०० एम्पुल, फेनारगन १९७ एम्पुल र डाईजेपाम ८ एम्पुल गरी जम्मा ३०५ एम्पुल लागु औषध र बुप्रिनर्फिनको स्टिकर ९१५ थान बरामद गरिएको ईलाका प्रहरी कार्यालय महेशपुरले जनाएको छ ।

उनीहरुविरुद्ध लागूऔषध (नियन्त्रण) ऐन २०३३ बमोजिम थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । यसैगरी बर्दघाट नगरपालिका वडा नं. ४ टिसियन चोकस्थित पूर्व-पश्चिम राजमार्गको दक्षिण तर्फको खाली जमिनमा भारतबाट भन्सार छली अवैध रुपमा भित्र्याइ लुकाईछिपाई राखेको अवस्थामा अन्दाजी १ लाख ५४ हजार मुल्य बराबरको २२ वटा जिउँदो खसी-बोका नियन्त्रणमा लिइएको छ ।

ईलाका प्रहरी कार्यालय बर्दघाटले उक्त खसी बोका नियन्त्रणमा लिएको हो । उक्त बरामद खसी-बोका आवश्यक कारबाहीको लागि महेशपुर भन्सार कार्यालय बुझाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीले जनाएको छ ।

# चरित्रहत्याको आरोपमा श्रीमान पक्राउ

**काठमाडौं/मस-** श्रीमतीको तस्बीर सामाजिक सञ्जालमा राखेर चरित्रहत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । वैदेशिक रोजगारीको सिलसिलामा ओमनमा रहेकी श्रीमतीको नक्कली फेसबुक बनाई फोटोसहित अस्लिल क्याप्सन सार्वजनिक गरी चरित्रहत्या गर्ने रुपन्देहीको सैनामैना नगरपालिका बस्ने ३६ वर्षका जीवन दमाईंलाई पक्राउ गरिएको हो ।

प्रहरीको साइबर ब्यूरोले एक सूचना जारी गरी अदालतबाट म्याद लिएर उनीमाथि अनुसन्धान जारी रहेको जनाएको छ । यस्तै ब्यूरोले सामाजिक सञ्जालमा चार नाबालिकाको तस्बीर प्रयोग गरी नक्कली फेसबुक खोलेर अस्लिल शब्द प्रयोग गरी पीडितको आफन्त तथा साथीभाइलाई पठाएर चरित्र हत्या गर्ने अर्का व्यक्ति पनि पक्राउ गरेको जनाएको छ । यसरी चरित्रहत्या गर्नेमा सिन्धुली जिल्लाको रातोगुराँसे घर भई काठमाडौंको कीर्तिपुर बस्ने विकास भन्ने राजेश विक रहेका छन् ।

दुवैमाथि विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसुरमा म्याद थप गरी अनुसन्धान भइरहेको ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक नवीन्द अर्यालले जानकारी दिए ।


## भूल सुधार

मिति २०७९/०३/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा वैदेशिक रोजगार शिर्षक, कम्पनीको नाम: **AL MULLA SECURITY SERVICE COMPANY,** पूर्व स्वीकृत मिति:२०७८/११/१८, चलानी नं.: ६०१७५३१४ र **L.T. No.: 248819** को पून विज्ञापनमा अन्तर्वार्ता मिति २०७९ साउन ३ गते (19 July 2022) हुनपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.**
Shivapriya Marg, Sukedhara, Kathmandu, Tel : +977-5909824
E-mail : whitepearlhrc@gmail.com Web : www.whitepearlhr.com
श्रम इजाजत नं.: १५३२/०७८/०७९



## श्री मालपोत कार्यालय सुर्खेत, विरेन्द्रनगरको ३५ दिने सार्वजनिक हकदारको नाउँको सूचना

**प्रकाशित मिति: २०७९/०३/२९**

विरेन्द्रनगर नगरपालिका वडा नं. १० बस्ने शेरसिंह रोकाय र गोरे रोकाय क्षेत्रीले हाम्रा/मेरा दाजु डम्बर रोकाका नाउँमा जग्गा दर्ता भएको र निजको मिति २०७८/०१/१३ मा मृत्यु भएको हुँदा मृतकका नामको जग्गामा हक लाग्ने नजिकका हकवाला संयुक्त हकदार शेरसिंह रोकाय र गोरे रोकाय क्षेत्री भएकोले हाम्रा/मेरा नाउँमा नामसारी गरी पाउँ भन्ने व्यहोराको साझा नामसारीको मिति २०७९/०३/२२ को निवेदन भएको ।

यस कार्यालयबाट कारवाही हुँदा यस कार्यालयको मिति २०७९/०३/२७ को आदेश अनुसार यो पैतिस दिने सार्वजनिक तथा हकदारका नाउँको सूचना प्रकाशित गरिएको छ । मृतक डम्बर रोकाको नामको तपशिलको जग्गा हक लाग्ने हकदार अरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटाको म्याद बाहेक ३५ दिन भित्र प्रमाण कागज सहित यस कार्यालयमा उजुर गर्न आउनु होला । यो सूचनाको म्याद भित्र उजुर दाबी नगरेमा नियमानुसार भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

**जग्गाको विवरण**

| जग्गा धनीको नाम थर | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| डम्बर रोका, बाबु: पने रोका, बजे: दले रोका | लाटीरोइली | ४ ‘ख’ | ३२६ | ०-५-०-० |

यस ज.ध. डम्बर रोकाको मिति २०७८/०१/१३ मा मृत्यु भएको र निजका बाबु पने रोका र आमा खरिसरा रोका समेतका क्रमश: मिति २०२६/०४/२५ र २०२८/०२/१५ मा मृत्यु भएको र निज ज.ध. अविवाहित अवस्थामा नै मृत्यु भएकोमा निजका बाबु पने रोका र आमा खरिसरा रोकाबाट तीन छोराहरु शेरसिंह रोका र गोरे रोकाय क्षेत्री र डम्बर रोका (ज.ध.)को जन्म भएको र दुई छोरीहरुको जन्म भएकोमा ज.ध.का नजिकका अंशियार दुई भाईहरु शेरसिंह रोका र गोरे रोकाय क्षेत्री मात्र भएकाले उल्लेखित जग्गा आफ्ना नाममा साझा नामसारी गर्न निवेदन दर्ता गराएको साथै निज ज.ध.का बाबुको नामथर ज.ध. पूर्जामा पने रोका र निज हकदार शेरसिंह रोका र गोरे रोकाय क्षेत्रीको नागरिकतामा पूर्ण बहादुर रोकाय भै फरक परेकामा समेत यो सूचना पेस गरिन्छ ।



## Cyprus मा होटलमा रोजगारको अवसर

कम्पनी: **Mavromatis Employment Bureau Lrd.,** Cyprus, Larnaca — पुन: विज्ञापन
पूर्व स्वीकृती मिति २०७९।०१।२२ — चलानी नं. ६०१७८९४२ — LT.No. 262687

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK A | 05 | काममा दक्ष | 950 | १,२१,७३३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | COOK B | 01 | | 850 | १,०८,९१९।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.४०,०००/- |

नोट:- स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा ४ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ । साथै साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

अन्तर्वार्ता २०७९ श्रावण ४ गते (20 July, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

APPS SERVICES PVT LTD H.R. Expert
Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom



## Cyprus मा रोजगारको अवसर

१.कम्पनी: **Medeon International Placement Agency Lrd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।०३।२८ — चलानी नं. ६०१८३१५४ — LT.No. 266973

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Butcher | 05 | काममा दक्ष | 520 | ६६,६३२।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Labourer | 15 | | 500 | ६४,०७०।- | | | | | | | |

२. कम्पनी: **Ero Christoforou Private Employment Agency.,** Cyprus , Paphos
पूर्व स्वीकृती मिति २०७९।०३।२८ — चलानी नं. ६०१८३१५५ — LT.No. 266974

| सि. नं. | कामदारको पद | माग संख्या महिला | पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 0 | 05 | सम्बन्धित काममा दक्ष | 1000 | १२८,१४०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | कं. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook B | 0 | 03 | | 850 | १,०८,९१९।- | | | | | | | |
| 3 | Cook C | 0 | 04 | | 700 | ८९,६९८।- | | | | | | | |
| 4 | Barmaid | 01 | 01 | | 800 | १०२,५१२।- | | | | | | | |
| 5 | Waiter/Waitress | 02 | 02 | | 800 | १०२,५१२।- | | | | | | | |
| 6 | Chambermaid | 02 | 0 | | 700 | ८९,६९८।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | रु.४०,०००/- |

नोट:- स्वदेश वा विदेशमा होटेल तथा रेष्टुरेण्टमा ४ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ । साथै साधारण अंग्रेजी भाषा बोल्न सक्ने हुनु पर्नेछ ।

अन्तर्वार्ता २०७९ श्रावण ४ गते (20 July, 2022) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
Email:- infoapps1172@gmail.comom



## साउदीमा रोजगार

कम्पनी: **CONTRACTING EST. AHMED ALI HADI MADHKHALI** — शहर: Saudi
पूर्व स्वीकृत मिति: २०७९/०२/१२ — चलानी नं.: ६०१७९८६४ — L.T. No.: 263745 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electricity Technician | 1 | 0 | | 1500 | ५०,६७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ४ गते (20 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४, फ्याक्स: ४४८०७४५
Email:info@mountkanchan.com.np | Website: mountkanchan.com
श्रम इजाजत नं. ८६२/०६६/०६७



## मलेसियामा रोजगार

कम्पनी : **YONG FONG RECLAIMED RUBBER SDN. BHD.** — शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०३/२७ — चलानी नं.: ६०१८३१३४ — LT. No.: 267251

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ साउन ४ गते (20 July 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५२३३६२, फ्याक्स: ५५४६६५१
E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com
श्रम इजाजत नं ८१०/०६५/०६६



## कतारमा रोजगार

१. कम्पनी: **IRIS CONSTRUCTION AND TRADING** — शहर: Qatar
पुर्व स्वीकृत मिति: २०७८/04/01 — चलानी नं.: ६०१६०२३० — LT. No.: 242528 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Guard | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 3 | 0 | | 1200 | ४१,४९६ | | | | | | | |
| 3. | Mason | 4 | 0 | | 1200 | ४१,४९६ | | | | | | | |
| 4. | Driver | 15 | 0 | | 1900 | ६५,७०२ | | | | | | | |
| 5. | Reinforc Fitter | 13 | 0 | | 1200 | ४१,४९६ | | | | | | | |

अन्तर्वार्ता होटल रेड कार्पेट, चितवनमा २०७९ साउन ४ गते (20 July 2022), मोबा.: ९८०१३५८३६९,
अन्तर्वार्ता सेन्टर पोइन्ट होटल, विर्तामोडमा २०७९ साउन ५ गते (21 July 2022), मोबा.: ९८२४९७३४९६,
अन्तर्वार्ता पिआइटी ट्रेनिङ, जनकपुरमा २०७९ साउन ६ गते (22 July 2022), मोबा.: ९८१७६१६००६,
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ७ गते (23 July 2022), मा हुनेछ । मोबा.: ९८२३८३६९८८.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
